## खोटेहाङ गाउँपालिका

# खोटेहाङ गाउँपालिका जलसोत तथा मुहान दर्ता कार्यविधि २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/११/१६

**खोटेहाङ गाउँपालिका**
**खोटाङ जिल्ला**
**१ नं प्रदेश**

# खोटेहाङ गाउँपालिका जलसोत तथा मुहान दर्ता कार्यविधि २०७७

खोटेहाङ गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलसोतको उचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एंव जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न एंव जलस्रोतलाई प्रदुषणमुक्त गर्दै अनुचित प्रयोग गर्न वान्छनीय भएकोले खोटेहाङ गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम **"खोटेहाङ गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) **"जलस्रोत"** भन्नाले गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ।

(ख) **"लाभदायक उपयोग"** भन्नाले उपलब्ध साधान र स्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ।

(ग) **"अनुमति प्राप्त व्यक्ति"** भन्नाले जलस्रोतको उपयोग गर्ने दफा ७ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्दछ।

(घ) **"उपभोक्ता संस्था"** भन्नले दफा ५ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्दछ।

(ङ) **"गाउँपालिका जलस्रोत समिति"** दफा ९ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(च) "अनुमतिपत्र" भन्नाले दफा १५ बमोजिम दिईने अनुमति पत्र सम्झनु पर्दछ।

(छ) "सर्वेक्षण" भन्नाले जल उपयोगका लागि गरिने विस्तृत सम्भाव्यता अध्ययन, पारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन, डिजाइन र त्यसका लागि गरिने अन्वेषण सम्बन्धी कार्य सम्झनु पर्दछ।

(ज) "उपभोक्ता" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपयोग गर्ने व्यक्ति सम्झनु पर्दछ।

(झ) "सेवा शुल्क" भन्नाले गाउँपालिका वा अधिकार प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसंग सम्बन्धित सेवा उपयोग गरेवापत उपभोक्ताले बुझाउनुपर्ने शूल्क सम्झनु पर्दछ।

(ञ) "गाउँपालिका" भन्नाले खोटेहाङ गाउँपालिका सम्झनु पर्दछ।

(ट) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

३. जलस्रोत स्वामित्व :गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व गाउँपालिका सँग निहित रहनेछ।

४. जलस्रोत उपयोग :(१) यस कार्यविधि बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि जलस्रोत को उपयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमतिपत्र लिनुपर्नेछैन।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफनो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्टा वा पनचक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानीय आगामनको लागि ढुङगाको प्रयोग गर्न,

(ख) जग्गा धनीले आफ्नो जग्गाभित्र मात्र सीमित रहेको जलस्रोत नियमअनुसार उपयोग गर्न,

(ग) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ।

**५. जल उपभोक्ता संस्थाको गठन :**(१) सामुहिक लाभका लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहाने व्यक्तिहरुले पदाधिकारी तथा सदस्य समेत गरी कम्तिमा सात जनाको उपभोक्ता संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा(१) बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहाने सम्बन्धित उपभोक्ताहरु मध्येबाट कम्तिमा सात जना उपभोक्ताहरुले अनुसुची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र एक हजार रुपैया दस्तुर सहित गाउँपालिका जेलस्रोत समिति समक्ष दरखास्त दिनुपर्नेछ।

**६. विधानमा खुलाउनुपर्ने विवरणहरु :** दफा ५ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खलाउनुपर्नेछ।

(क) पुरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यताको अन्त्य र राजीनामा,

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी,

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवम् काम, कर्तव्य र अधिकार )

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष र लेखापरीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध।

**७. दर्ता र प्रमाणपत्र :**(१) दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा १ मा बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखिएमा गाउँ जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले ३० दिनभित्र सोको सुचना दिनुपर्नेछ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून वमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै कार्यविधि बमोजिम भएका मानिने छन्।

**८. विधान संशोधन :** उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपरेमा विधानको प्रक्रिया पुरा गरी_तयार गरिएको_ विधान संशोधन मस्यौदा गाउँजलस्रोत समितिमा पेश गर्नुपर्नेछ र समितिले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी विधान संशाधन गर्न स्वीकृति दिन सक्नेछ।

९,गाउँ जलस्रोत समितिको गठन : (१),गाउँपालिका भित्र रहेको जलस्रोतको उपयोगको लागि अनुमति पत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँ जलस्रोत समिति रहनेछ ।

(२) गाउँ जलस्रोत समितिमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरु रहनेछन् :

१ गाउँपालिका अध्यक्ष — अध्यक्ष

२,जलस्रोत दर्ता गर्ने वडाको वडाअध्यक्ष — सदस्य

३, वन डिभिजन कार्यालयको प्रतिनिधी — सदस्य

४, गाउँपालिकाको पूर्वाधार विकास शाखा प्रमुख — सदस्य

५, गाउँपालिकाको कृषि विकास शाखाका प्रमुख — सदस्य

६,गाउँपालिका अध्यक्षले तोकेको गाउँपालिकाको सदस्य — सदस्य

७, प्रमुख प्रशासकीय अधिकृत — -सदस्य सचिव

**१०,जलस्रोत समितिको बैठक र कार्यविधि** :(१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा सदस्यहरु मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ । बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(३) बैठकको सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११, जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिको दरखास्त दिने** : (१) जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र लिन चाहाने व्यक्ति वा संगठित संस्थाले अनुसुची ३ बमोजिमको ढाँचामा विस्तृत विवरण खुलाई गाउँ जलस्रोत समिति समक्ष निबेदन पेशगर्नु पर्नेछ ।

(२)उपदफा ) (१) बमोजिम दरखास्त परेपछि समितिले पेश भएको निवेदन उपर जाँचबुझ गर्नुपर्नेछ ।

(३)उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले जलस्रोत उपयोगको सर्वेक्षण अनुमति पत्र दिनुपर्नेछ । यसरी अनुमति प्राप्त गरेको व्यक्तिले सर्वेक्षणको काम समाप्त गरेको मितिले तीस दिन भित्र सर्वेक्षणप्रतिवेदन गाउँ जलस्रोत समिति समक्ष पेश गर्नुपर्नेछ ।

**१२,जलस्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिने** : (१) जलस्रोतको उपयोग गर्न चाहाने व्यक्ति वा संगठित संस्थाले अनुसचि-५ बमोजिमकी ढाँचामा प्रस्तावित परियोजनासंग सम्बन्धित देहायको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

**क. परियोजना विस्तृत** - विवरण(परियोजना स्थलको नक्सा उपयोग गरिने पानीको स्रोत परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनामा सहभागीहरुको नाम र तिनिहरुको संग्लनताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठन संस्था तथा त्यस्तो सस्थाका सञ्चाकहरुको नाम, थर र वतन समेत स्पष्ट रुपमा खुलाउने ।

**ख. सम्भाव्यताको विश्लेषण -** परियोजनाको विस्तृत नक्सा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण

**ग, वितिय व्यवस्था** (परियोजनाको अनुमानित वितिय व्यवस्था, परियोंजनाको लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तिय संस्थाहरुको प्रतिबद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पूजीं र ऋणको प्रतिशत,

प्रदीप राई
गाउँपालिका अध्यक्ष

**घ, घरजग्गा को उपयोग वा प्राप्ति -** परियोजना निर्माण कार्यका लागि स्थायी वा अस्थायी तंवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लागत ।

**(ङ) वातवरणीय प्रभाव विश्लेषण** : (परियोजनाले आवश्यक वातावरणमा पार्ने उल्लेखनिय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवम् जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनाको सम्बन्धित क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानिय स्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यत्तिहरुले पाउने लाभ, निर्माण तथा संचालन, सम्भार सम्बन्धमा स्थानिय नागरिकलाई दिइने तालिम, निर्माण शिविरका लागि आवश्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना संञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लागत र तिनिहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ । )

**१३. दरखास्त उपर जाँचबुझ** :- (१) दफा १२ बमोजिम दरखास्तप्राप्त भएपछि यस कार्यबिधि बमोजिम दरखास्त पेश गर्दा आवश्यक कागजातहरु, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नु पर्दछ ।

(२)उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्त साथ पेश गर्नु पर्ने कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा पेश गर्न गाउँ जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिब माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मितिले ३० दिन भित्र यो कुराको सूचना दिनुपर्नेछ ।

(३) दफा (२) बमोजिम जाँचबुझ कुनै कागजात, विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउछ सोही मितिलाई दरखास्त परेको मिति मानिनेछ ।

**(१४)सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने** :(१) दफा १२ बमोजिम जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँजलस्रोत समितिले दफा १३ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसित सम्बन्धित परियोजनाको निर्माण तथा संञ्चालन गर्दा कुनै उल्लखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विववरणहरु खुलाई सूचना प्रकाशित भएको मितिले प्रन्ध दिन भित्र गाउँजलस्रोत समिति समक्ष जो सुकैले पनि मन्तव्य दिन सक्नेछ ।

(३) दफा(२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँ जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्बन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमतिपत्र दिँदा तोकीदिनेछ ।

**१५ अनुमतिपत्र दिने :** दफा १२ बमोजिम दरखास्त उपर १३ र १४ बमोजिम कार्यविधि पूरा गरी गराई गाउँजलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोतको उपयोग सम्बन्धी अनुमतिपत्र दिनुपर्नेछ ।

**१६, जलस्रोत माथि अधिकार कायम हुने :** यस कार्यविधि बमोजिम जलस्रोतको उपयोग सम्बन्धी कार्य संञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्रसम्मको जलस्रोत उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**१७, नयाँ अनुमतिपत्र लिनुपर्ने :** (१) कार्यविधि प्रारम्भ हुनु भन्दा अगावैदेखी जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा १२ मा उल्लेखित विवरणहरु खुलाई कार्यविधि लागू भएको मितिले एक वर्ष भित्र गाउँजलस्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाई अनुसूची (६) बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

**१८, अनुमतिपत्र दस्तुर :** यो कायृविधि बमोजिमको जलस्रोत उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिदा अनुसूची-८ मा तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दस्तुर बुझाउनुपर्नेछ ।

**१९,अनुमतिपत्र नवीकरण गर्ने :** (१)यो कार्यविधि बमाजिम जलस्रोतको सर्वेक्षण वा उपयोगको लागि अनुमतिपत्रमा उल्लेखित अवधि समाप्त हुनु अगावै अर्को अवधीको लागि अनुमतिपत्र नविकरण गर्नुपर्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउदा अनुसुची-७ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकिरण दस्तुर लाग्नेछ ।

**२०. अनुमतिपत्र विकि वा हस्तान्तरण गर्न स्वीकृती लिनुपर्ने :** (१)अनुमति पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विकी गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा(१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाममा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको तामममा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृती दिन सक्नेछ ।

**२१, वार्षिक शुल्क :** अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि स्वउपलब्ध गराए बापत गाउँपालिकालाई बुझाउनुपर्ने वार्षिक शुल्क अनुसुची-७ मा तोकिए बमोजिम हुनेछ ।

**२२, गाउँपालिकाले निर्देशन दिन सक्ने :** गाउँपालिकाले जलस्रोत उपयोग सम्बन्धी गाउँजलस्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु गाउँ जलस्रोत समितिको कर्तव्य हुनेछ ।

**२३, अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने :** गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यस कार्यविधिको अनुसूचीहरुमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## अनुसुची-१
(दफा(५ को उपदफा (२) बमोजिम)
### निवेदनको ढाँचा

श्री अध्यक्ष ज्यू
..................गाउँजलस्रोत समिति
खोटेहाङ गाउँपालिका,खोटाङ ।

विषय :.............................................

महोदय,

हामीले..................................................................... उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेको हुँदा प्रचलित नियमअनुसार उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र १०००-/ रुपैया दस्तुर सहित दरखास्त दिएका छौ ।

**विवरणः**

१. उपभोक्ता संस्थाको नामः

२.कार्यक्षेत्र :

३.उदेश्यहरु :

क)

ख)

ग

४.सदस्यहरुको नाम ठेगाना पेशा

| क.स | सदस्यहरुको नाम | ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |



प्रदीप राई
गाउँपालिका अध्यक्ष

**५ उपयोग गरिने जलस्रोतको विवरण :**

(क) जलस्रोतको नाम र रहेको ठाउँ :

(ख) जलस्रोतबाट  गरिने प्रयोग :

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतबाट प्राप्त हुने परिणाम :

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

**६.उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरण :-**

(क) सेवाको किसिम :

(ख) सेवा पुर्‍याउने क्षेत्र :

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :-

७.आर्थिक स्रोतको विवरण :-

**निवेदक,**

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

दरखस्त :

नाम :

पद :

ठेगाना :

प्रदीप राई

## अनुसुची-२

**(दफा ७ को उपदफा (१) बमोजिम)**

**खोटेहाङ गाउँपालिका गाउँजलस्रोत समिति**

**खोटाङबजार,खोटाङ**

दर्ता न

दर्ता मिति :

मिति :

श्री..............................................

..............................................

**उपभोक्ता सँस्था दर्ता प्रमाणपत्र**

...................................(सम्बन्धीत उपभोक्ता संस्थाको नाम) लाई खोटेहाङ जलस्रोत समिति बैठक संख्या.... मिति २०७७/०८/२५ को निर्णय नं. यस कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम यस कार्यालयमा दर्ता गरी यो जल उपभोत्ता सँस्था दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । गाउँपालिकाको निर्देशन तथा कार्यविधि बमोजिम कार्यक्रम संञ्चालन गर्नुहोला ।संस्थाको कार्यक्षेत्र गाउँपालिकाको वडा नं.............रहनेछ ।

दरखस्त :

नाम,थर :

पद :

प्रदीप राई

गाउँपालिका अध्यक्ष

**अनुसुची-३**

**दफा ११(१) संग सम्बन्धित**

**<u>जलस्रोतको उपयोगको सर्वेक्षण अनुमतिको लागि दरखस्त</u>**

मिति

श्री अध्यक्षज्यू,

....................गाउँ जलस्रोत समिति

खोटेहाङ गाउँपालिका

खोटाङबजार,खोटाङ ।

जल कास्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति पाउन कार्यविधिको दफा ११ (१) बमोजिम देहायको विवरण खुलाइ दरखास्त पेश गरेको छु ।

**<u>देहाय</u>**

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगााना :

२. उद्धेश्य :

३.सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु........
(पुष्टयाई विवरण संगलन गर्नुपर्नेछ )

४. सर्वेक्षण गर्ने अवधी :

५. अन्य विवरणहरु -माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झूट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।
सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नाम र थर

दरखस्त :

पदः

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७२

## अनुसुची-४
## दफा ११(३) साग सम्बन्धित
## जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र

टेहाङ गाउँपालिका
गाउँजलस्रोत समिति
अनुमतिपत्र संख्या :-
ी.......................................................

.......................................................

महोदय,

पाइलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली यस कार्यविधिको दफा ११(३) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगाना :
२. जलस्रोत सर्वेक्षणको उद्धेश्य :
३. जलस्रोत सर्वेक्षणको क्षेत्र :
४सर्वेक्षण गर्ने अवधी :
५ अनुमतिपत्र बहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको

नाम :
पद :
दरखस्त :
मिति :

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३

## अनुसची-५
## (दफा १२ उपदफा (१) सँग सम्बन्धित)
## जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त

मिति..........

श्री अध्यक्षज्यू,
............................गाउँ जलस्रोत समिति
खोटेहाङ गाउँपालिका, खोटाङबजार,खोटाङ ।

जलस्रोतको उपयोगको निम्ति अनुमतिपत्र पाउन खोटेहाङ गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७७ को दफा १२(१) बमोजिम दहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१.ब्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२.उद्धेश्य :

३.उपयोग गर्न खोजेको जलस्रोतकोरउपयोग गर्ने प्रयोजनः

४.प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँः

५.जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः

६.प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः

७.प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

८.जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः

९.जलस्रोत उपयोग गर्ने तरिकाः

१०.जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः

११.अन्य विवरणहरुः

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहुँला /बुझाउँला।

संगठित संस्था भए सो संस्थाको छाप सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट

दरखास्त दिने व्यक्तिकोः-

नाम थर

पद

प्रदीप राई
गाउँपालिका अध्यक्ष

**अनुसुची-६**
**दफा १७(२) सँग सम्बन्धित**
**जलस्रोत उपयोगको अनुमतिपत्र**

**खोटेहाङ गाउँपालिका गाउँजलस्रोत समिति**
**खोटाङबजार,खोटाङ**

अनुमतिपत्र संख्या :
श्री..................
................

महोदय
तपाइले जलस्रोत उपयोग अनुमतिपत्र पाउन मिति................ मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरणहरु खुलाई खोटेहाङ गाउँपालिका जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०७७ को दफा १७ (२) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१.जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाका नाम ठेगाना :
२,जलस्रोत उपयोगसंग सम्बन्धित परियोजनाको किसिम :
नाम:
(प्रत्येक उपयोगसंग सम्बन्धित)
३ जलस्रोतको नाम र रहेको स्थान
४ .जलस्रोतको उपयोग भएको परिणाम
५जलस्रोतको उपयोगबाट उपलब्ध गराईएको सेवा र त्यसको बिस्तार प्रदेश.१,खोटाङ जिल्ला, खोटेहाङ गाउँपालिका वडा न..........
६, उपभोक्ता संख्या र त्यसको किसिम :
७, सेवा उपलब्ध गराउन शुरु गरेको मिति :-
८अनुमतिपत्र बहाल रहने अवधि :-
९ अन्य शर्तहरु :

अनुमति दिने अधिकारी
नाम :-
पद:-
कदरखस्त :-
मिति:-

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ

प्रदीप राई
गाउँपालिका अध्यक्ष

## अनुसची-७
## अनुमतिपत्र दस्तुर
## वार्षिक नविकरण शुल्क दफा १८ सँग सम्बन्धित

| क.स | जलस्रोत उपयोगको किसिम | दस्तुर |
|---|---|---|
| क. | खानेपानी र घरेलु उपयोग | रु.१००० |
| ख | सिँचाइ | रु.२००० |
| ग | पशुपालन तथा मस्त्यपालन जस्ता कृषिजन्य उपयोग | रु.१००० |
| घ | जलयातायात | रु. ५००० |

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल फागुन १६ गते बसेको गाउँ कार्यपालिका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

२०७७।११।१६

(प्रदिप राई)

अध्यक्ष

मिति :- २०७७/११/१६

प्रदीप राई
गाउँपालिका अध्यक्ष